# सूचना

त्रैमासिक बुलेटिन

SUCHANA

IHRC

➤ बर्ष : ५ ➤ अंक : १ ➤ Suchana Quarterly Magazine ➤ २०८० (साउन-असोज) पृष्ठ १६


## संस्थाको एक दशकको यात्रा

# सूचनाको हक, सुशासन र नागरिक अभियान संस्थागत

सूचनाको हक र सुशासनको क्षेत्रका क्रियाशिल संस्था सूचना र मानव अधिकार अनुसन्धान केन्द्र (IHRC) ले दश वर्ष पुरा गरि ११ वर्षमा प्रवेश गरेको छ। संस्थाको स्थापना दिवसका अवसरमा विगतको समिक्षा र आगामी कार्ययोजनाका बारेमा छलफल गरिएको संस्थाका अध्यक्ष विश्वजित तिवारीले बताउनुभयो । उहाँका अनुसार सूचनाको हकको अभियानलाई संस्थागत गर्ने उद्देश्यका साथ स्थापना भएको संस्थाले पश्चिम नेपालमै आफनो नाम पहिचान गराएको र सुशासन, मानव अधिकारलगायतका क्षेत्रमा पनि उपलब्धीमुलक काम गरेको छ।

संस्थाले जिल्लामा सूचनाको हकको कार्यन्वयनका लागि विभिन्न अभियान तथा कार्यक्रम संचालन गरेपछि सार्वजनिक निकायहरुले त्यसको कार्यान्वयन गर्न थालेका छन । संस्थाले विगत १० वर्षमा विभिन्न सार्वजनिक सरोकारको सवालमा करिब दुई हजार बढी सूचना माग गरेको छ भने एक हजार बढी नागरिकलाई यस बारे सचेत गराइएको प्रतिबेदनमा उल्लेख छ । संस्थाले सार्वजनिक सरोकारको सवालमा समेत उच्च अदालतमा रिट दायर गर्ने अभियान पनि संचालन गर्दै आएको छ। हालसम्म



करिब २० वटा सार्वजनिक सवालमा उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासमा रिट दायर गरि सोको कार्यान्वयनका लागि आदेश गरेको संस्थाले जनाएको छ।

संस्थामा बसेको कार्यसमितिको बैठकले विगत दश वर्षको समिक्षा गर्दै आगामी दिनमा संस्थाले तयार गरेको पाँच वर्षिय रणनितिक कार्ययोजना अनुसार काम गर्ने संस्थाका उपाध्यक्ष कृष्णमुरारी प्रसाद भट्टले बताउनुभयो । बैठकमा संस्थाका कार्यसमितिलाई विभिन्न कार्यक्रम, प्रगति, समस्या र चुनौतीबारे समिक्षा गर्दै आगामी योजना निर्धारण गरिएको कार्यकारी निर्देशक राकेश मिश्रले बताउनुभयो। संस्थाले जिल्लामा सूचनाको हकका बारेमा अध्ययन प्रतिबेदन तयार गर्ने निर्णय गरेको छ। संस्थाले अहिले नागरिक समाजको नेतृत्वको रुपमा समेत अगुवाई गर्दै आएको छ।



# अवधी र थारु भाषी पत्रकारका लागि फेलोशिप फिचर र खोजमूलक रिपोर्टिङ्ग तालिम

अवधी र थारु भाषी पत्रकारहरुका लागि आठ महिने फेलोशिप कार्यक्रम संचालन गरिएको छ। स्वतन्त्र र समावेशी पत्रकारितालाई मुलप्रवाहीकरणमा ल्याउन अवधी, थारु र मुस्लिम पत्रकारहरुको पेशागत दक्षता, आत्मनिर्भरता र पत्रकारिता क्षेत्रमा मूलप्रवाहीकरण गर्नका लागि पत्रकारलाई फेलोशिप प्रदान गरिएको हो।

युएसएआईडी द एशिया फाउण्डेशनको सहयोगमा सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जद्धारा संचालित "नागरिक समाज र मिडिया" परियोजना अर्न्तगत लुम्बिनी प्रदेशस्तरिय फेलोशिप कार्यक्रम शुरु भएको छ।

लुम्बिनी प्रदेशका ५ जिल्ला (बाँके, बर्दिया, दाङ्ग, कपिलबस्तु र रुपन्देही) मा अवधी र थारु भाषी १५ जना पत्रकारलाई फेलोशिप कार्यक्रम शुरु गरिएको संस्थाका अध्यक्ष विश्वजित तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार अवधी र थारु समुदायका सिमान्तकृत, मुस्लिम अल्पसंख्यक, विपन्न, लोपउन्मुख चिडीमार र मंगन्ता समुदायका युवायुवतीलाई पत्रकारिता क्षेत्रमा दक्ष बनाउनका लागि फैलोशिप उपलब्ध गराइएको हो । अध्यक्ष तिवारीले अल्पसंख्यक तथा सिमान्तकृत समुदायका सवाललाई पत्रकारहरुले उठाएर लाभ लिनुपर्नेमा जोड दिनुभयो।

यसैक्रममा फेलोशिपमा छनौटमा परेका पत्रकारहरुका लागि तीनदिने सवाल पहिचान, फिचर लेखन र खोजमुलक रिपोर्टिङ्ग कार्याशाला नेपालगन्जमा शुरु भएको छ । असार २० गते कार्याशालाको शुभारम्भ गर्दै जिल्ला समन्वय समिति बाँकेका प्रमुख ज्ञानेन्द्रकुमार चौधरीले लोप हुन लागेको अवधी भाषाको संरक्षणमा यो फेलोशिपको कार्यक्रमले मद्दत पुरयाउने भन्दै अवधी समुदायका सवाललाई सञ्चार माध्यममा प्राथमिकताका साथ उठाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले सत्य तथ्यका आधारमा निश्पक्ष र स्वतन्त्र पत्रकारितालाई जोड दिदै ओझेलमा परेका पत्रकारहरुको क्षमता विकास गर्न आवश्यक भएको बताउनुभयो । कार्यक्रममा अवधी पत्रकार संघ नेपालका संस्थापक अध्यक्ष सुर्यलाल यादव, थारु पत्रकार संघका केन्द्रीय सदस्य शम्भु थारु, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश उपाध्यक्ष शुक्रऋषि चौलागाई लगायतले बोल्नुभएको थियो। संस्थाले अवधी र थारु भाषी १५ जना पत्रकारलाई आठ महिने फेलोशिप कार्यक्रम संचालन गरेको संस्थाका कार्यक्रम संयोजक रविन्द्र ज्ञवालीले बताउनुभयो।



# शान्ति र सदभावका लागि नागरिक अपिल

नेपालगन्ज घटनामा सामाजिक सद्भाव कायम गर्नका लागि बाँकेका नागरिक समाजले शान्ति र सद्भावका लागि अपिल गरेका छन । नेपालगन्ज बहुधार्मिक, बहुजातिय, बहुसांस्कृतिक विविधता भएको शहरको रुपमा परिचित भएको बताइएको छ।

यहाँ बसोबास गर्ने हिन्दु, मुस्लिम, सिखख र इसाई धर्महरु एक आपसमा मिलेर बसेका छन। एक अर्काको चाडपर्वमा आपसी मेलमिलाप, भाइचारको सन्देश प्रवाह भई सबै मिलेर बसेको शहरको रुपमा हेरिएको छ।

सूचना र मानव अधिकार अनुसन्धान केन्द्रका अध्यक्ष विश्वजित तिवारीको संयोजकत्वमा बसेको बैठकले नेपालगन्जमा शान्ति र सद्भावको वातावरण सिर्जनाका लागि सबैमा अपिल गरेको छ । वर्तमान अवस्थामा सिर्जना भएको परिस्थितिले यहाँको धार्मिक, साँस्कृतिक सहिष्णुता तथा सबै भाषाभाषीहरुको बीचमा रहेको बन्धुत्व तथा भाइचारामा समेत नराम्रो असर पुगेकोले सबै जातजाती, धर्म सम्प्रदायमा आपसी एकता कायम गर्न र अन्तर घुलनको सिद्धान्तलाई आत्मसाथ गरि सामाजिक सदभाव कायम गर्न अपिल गरिएको हो।

यसैगरी सामाजिक सद्भाव कायम गराउन, धार्मिक सहिष्णुता खल्बलिन नदिन, शान्ति सुरक्षा स्थापित गर्न स्थानीय प्रशासन समक्ष जोडदार माग गरिएको छ। नेपालगन्जका नागरिक समाज अभियन्त जयसिंह केसी, बेचनलाल गुप्ता, रविन्द्र ज्ञवाली, अनुप मिश्र, राकेश मिश्र, भरतकिशोर बैश्य, भिष्म लोध, श्री राधाकृष्ण हनुमान मन्दिरका महन्त रामसुमिरन दास, नेपाल सांस्कृतिक महासंघका केन्द्रीय सहमहामन्त्री जहिरुलहक जिनु लगायतले हस्ताक्षर गर्नुभएको थियो।

यसैगरि बाँके जिल्लास्थित विभिन्न नागरिक समाजका अगुवाहरुले पनि संयुक्त रुपमा सामाजिक सद्भावका लागि हार्दिक अपिल गरेका छन। ●



## *सन्दर्भ : संविधान दिवस*

# सचेतना तथा बृक्षारोपण

सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्ज र क्लीन नेपालगन्ज ग्रिन नेपालगन्जको संयुक्त आयोजनामा असोज ३ गते संविधान दिवसको अवसरमा बृक्षारोपण, सचेतना कार्यक्रम गरेको छ।

नेपालगन्जस्थित मंगलप्रसाद उच्च माविको प्राङ्गणमाविभिन्न जातका करिब दुई दर्जन विरुवाहरु रोपिएको केन्द्रका अध्यक्ष अधिबक्ता विश्वजित तिवारीले जानकारी दिनुभयो।

नेपालगन्जका मेयर प्रशान्त विष्टले बृक्षारोपणको शुभारम्भ गर्दै नेपालको ऐतिहासिक संविधानलाई सबै निकायले पूर्णरुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिदै सबैलाई समान रुपको व्यवहार गर्न आग्रह गर्नुभयो । उहाँले नेपालको समाबेशीमुलक संबिधानले सबैको हक अधिकारलाई ग्यारेन्टी गरेको हुनले स्थानीय सरकारले त्यसको कार्यान्वयनमा विशेष ध्यान दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

त्यस अवसरमा नेपालगन्जका विभिन्न कलेजमा अध्ययन गर्ने विद्यार्थीहरुलाई संविधान र कानूनका बारेमा जानकारी गराइएको थियो । कार्यक्रममा क्लीन नेपालगन्ज ग्रिन नेपालगन्जका अध्यक्ष तथा अभियन्ता डा. विनोद कर्ण, नागरिक अभियन्ताहरु शुरेस श्रेष्ठ, श्याम विष्ट, लोकबहादुर शाह, विजयरत्न श्रेष्ठ, शकिल अहमद अन्सारी, उत्तम श्रेष्ठ, रविन्द्रकुमार ज्ञवाली, घनश्याम घर्ति, अन्नतनाथ भट्टराई, जेन्टिल गौतम, राजकुमार केवट, विद्यार्थीहरु अभिजित तिवारी सत्यजित तिवारी, नैतिक गुप्ता, श्लोक श्रेष्ठले संविधानको कार्यान्वयनको अवस्था समस्या लगायतका बारेमा आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो । त्यस अवसरमा संस्थाले डुडुवा गाउँपालिकाको सहयोगमा प्रकाशन गरेको अवधी भाषाको संविधान निःशुल्क रुपमा वितरण गरेको थियो।



# कानूनी पहिचान (नागरिकता र जन्मदर्ता) बारे सामुदायिक सचेतना

बाँकेको जानकी गाउँपालिका वार्ड नं. ५ बेलहरीका स्थानीयलाई कानूनी पहिचान, नागरिकता र जन्मदर्ताका बारेमा असोज २० गते नेपालगन्जमा एक दिने अभिमुखीकरण गरिएको छ।

महिला कानून र विकास मञ्च र सूचना र मानव अधिकार अनुसन्धान केन्द्रद्धारा असोज २० गते कानूनी पहिचान (नागरिकता र जन्मदर्ता) सामुदायिक सचेतना कार्यक्रमका सहभागिहरुलाई नागरिकता लगायतका विषयमा अभिमुखीकरण गरिएको हो।

कार्यक्रममा बोल्ने बक्ताहरुले मधेशी तथा ग्रामिण क्षेत्रमा नागरिकता र जन्मदर्ताको महत्वबारे स्थानीयलाई अझ बढी बुझाउनुपर्नेमा जोड दिएका थिए । मधेशी समुदायका नागरिकले काम परेपछि मात्र नागरिकता, जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता, सम्वन्ध विच्छेद, बसाई सराई दर्ता गराउने भएकाले समयमा दर्ता गराउने कार्यमा स्थानीय तहको भुमिका प्रभावकारी बनाउनुपर्ने बताइएको थियो।

कार्यक्रममा अधिवक्ता विश्वजित तिवारीले नेपाली नागरिकको बैधानिक पहिचानका लागि नागरिकता बनाउनुपर्ने भन्दै संविधानले व्यवस्था गरेको मौलिक हकलाई पुर्ण रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले नागरिकको पहिलो पहिचान नै नागरिकता भएकोले नेपालमा जन्मिएका सबैले नागरिकता बनाउनुपर्ने आग्रह गर्दै नेपालको संविधानले नागरिकता सम्वन्धी गरेको व्यवस्थालाई सम्वन्धित निकायले अझै पनि कार्यान्वयन नगरेको भन्दै चिन्ता व्यक्त गर्नुभयो। उहाँले आमाको नामबाट नागरिकता दिने भनेर कानूनले व्यवस्था गरेको तर स्थानीय प्रशासनले सहज रुपमा नदिएपछि अदालत जानुपर्ने अवस्था रहेको भन्नुभयो।

वडाध्यक्ष टिकानाथ यादवले वडा कार्यालयले नागरिकता लगायतका कानूनी प्रक्रिया पुगेकालाई विभिन्न सिफारिसहरु सहज रुपमा उपलब्ध गराउदै आएको भन्दै स्थानीय नागरिकहरुलाई यसबारे सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले विशेष गरि मधेशी समुदायका अशिक्षित नागरिकले जन्मदर्तालगायत कानूनी पहिचानको महत्व नबुझेकाले आवश्यकता परेमा मात्र बनाउने गरेकाले प्रक्रिया झझण्टिलो हुने, जरिवाना शुल्क तिर्नुपर्ने अवस्था रहेको बताउनुभयो। वडाध्यक्ष यादवले सबै कार्यहरु समयमा गर्दा जरिवाना पनि नलाग्ने र कानूनी बाधा अड्चन समेत

नआउने भएकाले सबै सेवाग्राहीहरुलाई जन्मदर्ता र नागरिकता बनाउन आग्रह गर्नुभयो।

कानूनी पहिचान (नागरिकता र जन्मदर्ता) भनेको के हो, प्राप्त गर्न अपनाउनुपर्ने प्रक्रिया, यसको महत्व तथा प्रयोगलगायतकापत्रकार राकेशकुमार मिश्रले सहजीकरण गर्नुभएको थियो।

यसैविच बाँकेको जानकी-२ बेलभारमा पनि कानूनी पहिचान (नागरिकता र जन्मदर्ता) सामुदायिक सचेतना कार्यक्रम गरिएको छ।

कार्यक्रममा प्रतिनिधी सभा सदस्य लक्ष्मी तिवारीले नेपाली नागरिकको बैधानिक पहिचानका लागि नागरिकता बनाउनुपर्ने भन्दै संविधानले व्यवस्था गरेको मौलिक हकलाई पुर्ण रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

नेपालको संविधान एउटा समाबेशीमूलक संविधान भएकाले यसको अध्ययन र प्रयोग सबैले गरेपछि मात्र यसको उपलब्धी देखिने भन्दै सांसद तिवारीले कानूनी जटिलता लगायतका विषयमा सुझाव दिन समेत आग्रह गर्नुभयो । उहाँले ग्रामिण समुदायमा अझै पनि महिलाहिंसा जस्ता विभिन्न घटनाहरु बढिरहेकाले त्यस्ता घटनालाई बाहिर ल्याई कानूनी उपचारमा जानुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा वरिष्ठ अधिबक्ता सुनिल कुमार श्रेष्ठले नागरिकको पहिलो पहिचान नै नागरिकता भएकोले नेपालमा जन्मिएका सबैले नागरिकता बनाउनुपर्ने आग्रह गर्दै नेपालको संविधानले नागरिकता सम्वन्धी गरेको व्यवस्थालाई सम्वन्धित निकायले अझै पनि कार्यान्वयन नगरेको भन्दै चिन्ता व्यक्त गर्नुभयो।

वडाध्यक्ष चन्द्रिकाप्रसाद गुप्ताले वडाले नागरिकता लगायतका कानून प्रक्रिया पुगेकालाई विभिन्न सिफारिसहरु सहज रुपमा उपलब्ध गराउदै आएको भन्दै स्थानीय नागरिकहरुलाई यसबारे सचेतनाका कार्यक्रम सञ्चालन गर्ने बताउनुभयो।

कार्यक्रममा कानूनी पहिचान नागरिकता र जन्मदर्ताका बारेमा अधिबक्ता तिवारीले सहजीकरण गर्नु भएको थियो।

**उमेर पुगेपछि नागरिकता बनाऔं ।**



## *वायु प्रदुषण नियन्त्रणका लागि*
# सरकारको ध्यानाकर्षण

वायु प्रदुषण नियन्त्रणका लागि नेपाल सरकारको ध्यानाकर्षण गराइएको छ । बाँकेका नागरिक समाजले दिनप्रतिदिन बढदै गएको वायु प्रदुषणको नियन्त्रणका लागि तत्काल पहल गर्न आग्रह गरिएको छ । सूचना र मानव अधिकार अनुसन्धान केन्द्रका उपाध्यक्ष कृष्णमुरारी प्रसाद भट्ट नेतृत्वको समुहले बाँकेका निमित्त प्रमुख जिल्ला अधिकारी टोपेन्द्र बहादुर केसीमार्फत बन तथा वाताबरण मन्त्रीलाई भदौ २१ गते ज्ञापनपत्र पठाइएको छ।

वायु प्रदुषण नेपाल विश्व कै तेस्रो स्थान रहेको सन्दर्भमा नेपाललाई नै स्वच्छ सफा वातावरण मैत्री बनाउनका लागि र नेपालको संविधानको धारा १६ मा सम्मानपुर्वक बाँच्न पाउने हक धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ भई बाच्न पाउने हक छ भनि वातावरणको हकको बारेमा व्यवस्था गरेको छ।

वायु प्रदुषण न्युनीकरणका लागि नेपाल सरकारसंग तपसिलका माग गरिएको छ।

१ सर्वोच्च अदालतबाट स्वच्छ हावा र वातावरण सरंक्षणको बारेमा भएका फैसलाहरु मैत्री बातावरण कानुन नियम बनाई लागु गर्नुपर्ने।

२.नेपाल भरी कम्तीमा हप्ताको एक दिन शनिवार पेट्रोलियम पदार्थबाट चल्ने सरकारी सावारी साधन (अत्याआवश्यक सावारी साधान बाहेक) हरु बन्द गर्ने।

३.रुख बिरुवाहरु बढी मात्रामा रोप्न प्रोत्साहित गर्नुपर्ने।

४.विकास निर्माण बाटो बनाउदा धुलो न उडने पानी हल्ने व्यवस्था गर्नुपर्ने।

५.वातावरण सरंक्षण सम्वर्धनको जनचेतनाको कार्यकम गर्नुपर्ने।

६.उद्योग कलकारखानाबाट निस्कने धुवा धुलो मापदण्ड अनुसारको उचित ब्यबस्थापन गर्नु पर्ने।

बाँके जिल्लामा समेत वायु प्रर्दुषण बढी भएकाले सम्वन्धित निकायको ध्यान केन्द्रीत हुनुपर्ने अभियन्ता विश्वजित तिवारीको जोड रहेको छ।

## लम्पी स्किन रोगको संक्रमण नियन्त्रण गर्न
# *प्रधानमन्त्रीलाई ज्ञापनपत्र*



बाँकेलगायत देशैभरका पशुहरुमा फैलिएको लम्पी स्किन रोगको संक्रमणको रोकथाम तथा उपचारको व्यवस्था मिलाउन प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको छ।

बाँकेका नागरिक समाजहरुको एक समुहले लम्पी स्किन रोगको उपचारको व्यवस्था तत्काल गर्न गराउन माग गरेको हो। सूचना र मानव अधिकार अनुसन्धान केन्द्रका अध्यक्ष अधिबक्ता विश्वजित तिवारीको नेतृत्वमा गाएको एक टोलीले बाँकेका प्रमुख जिल्ला अधिकारी विपिन आचार्यमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाइएको हो।

बाँके जिल्लामा हालसम्म करिब दश हजार बढी पशुमा लम्पीस्किन रोगको संक्रमण देखिएको छ भने करिब ४ दर्जन बढी पशुहरुको रोगले मृत्यु समेत भएको अवस्थामा पशुहरुमा तत्काल खोप, तथा अन्य उपचारको व्यवस्था मिलाउन तत्काल माग गरेको ज्ञापनपत्रमा उल्लेख छ। सङ्क्रमणका कारण दूधको उत्पादन घटनु तथा पशु सङ्क्रमणबाट मुक्त भए पनि पहिलेकै अवस्थामा नर्फकनुले किसान मारमा परेका छन्।

**सूचना मागौं, भ्रष्टाचारको अन्त्य गरौं।**

# स्वास्थ्य बीमा लागु गर्न सरकारको ध्यानाकर्षण



बाँकेस्थित दुई वटा अस्पतालबाट सरकारले स्वास्थ्य बीमा कार्यक्रम सुचिबाट हटाएपछि नागरिक समाजले सरकारलाई ज्ञापनपत्र पठाएको छ। नागरिक समाज तथा सर्बसाधारणको अगुवाईमा स्वास्थ्य मन्त्री र स्वास्थ्य बीमा बोर्डलाई ज्ञापन-पत्र पठाइएको हो। सूचना र मानव अधिकार अनुसन्धान केन्द्रका अध्यक्ष विश्वजित तिवारी नेतृत्वको समुहले भदौ १८ गते जिल्ला प्रशास कार्यालय बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी टोपेन्द्र बहादुर केसीमार्फत सरकारलाई ज्ञापन पत्र बुझाइएको हो।

स्वास्थ्य जस्तो महत्वपुर्ण क्षेत्र भएकाले स्वास्थ्य बीमा कार्यक्रम देशका सम्पुर्ण अस्पतालहरुमा लागु गर्नुको सट्टा केही दिन अघि सरकारले देशका २६ वटा अस्पतालहरुमा सेवा प्रदायक स्वास्थ्य संस्थाको सुचिबाट हटाइएकोले उक्त निर्णयलाई सच्चयाउन आग्रह गरिएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ। बाँकेस्थित फत्तेबाल आँखा अस्पताल र नेपालगन्ज मेडिकल कलेजमा स्वास्थ्य विमा कार्यक्रम लागु गरि उक्त अस्पतालमा हरेक नागरिकको स्वास्थ्य उपचारको पहुच बृद्धि गरि पुनः सुचिमा समाबेशका लागि सरकारसंग जोडदार माग गरिएको ज्येष्ठ नागरिक अगुवा कृष्णमुरारी प्रसाद भट्टले बताउनुभयो। नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई निशुल्क र सामाजिक सुरक्षाको हक प्रदान गरेको छ। बर्तमान संबिधानको धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने उल्लेख छ।

गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बीमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बीमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहीता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमा ऐन २०७४ जारी भएको हो।

सरकारले बीमा प्रिमियम तिर्ने गरी छुट्टै एकाइको रुपमा वार्षिक रु एक लाख बराबरको स्वास्थ बीमाको व्यवस्था गरिएको छ।




# सूचनाको हक कार्यान्वयनमा जोड

भदौ ३ गते राष्ट्रिय सूचना दिवस। २०६४ साल भाद्र ३ गतेका दिन नेपालमा सूचनाको हक सम्बन्धी ऐन पारित भएको थियो। सोही सन्दर्भमा यो दिवस मनाउन सुरु गरिएको हो। नेपालमा सूचनाको हक सम्वन्धी ऐन आएको करिब ढेड दशक बढी भईसक्दा पनि अझै यसको पुर्ण कार्यान्वयन नहुदा आम नागरिकहरु सम्मस्या झेलेका छन भने अर्कोतर्फ भ्रष्टाचार मौलाइरहेको अवस्था रहेको छ।

नागरिकको नैसर्गिक अधिकार अर्न्तगत पर्ने सूचनाको हकको अनुभुति सहजै गर्न पाइएको छैन। बाँके जिल्लामा सूचनाको हकको कार्यन्वयनको प्रक्रिया अघि बढेपनि प्रभावकारी व्यवस्था देखिन्दैन अझै पनि सूचना लुकाउने प्रबृत्ति, सूचनाको पारदर्शिताको अभाव, सूचना नदिनु, सूचना शाखाको व्यवस्थापन नहुन जस्ता समस्या रहेको सूचना अभियन्ताहरु बताउछन।

यसैविच दिवसको अवसरमा नेपालगन्जमा १७औं राष्ट्रिय सूचना दिवस मनाइएको छ। "सूचना मागौ भ्रष्टाचार अन्त्य गरौं" भन्ने मुल नाराका साथ नेपालगन्जको त्रिभुवन चोकमा दिप प्रज्वलन कार्यक्रम गरिएको छ। सूचनाको हक क्षेत्रमा क्रियाशिल संस्था सूचना र मानव अधिकार अनुसन्धान केन्द्रले कार्यक्रममार्फत सचेतनामुलक अभियान गरेको हो।

कार्यक्रममा बोल्दै अधिबक्ता विश्वजित तिवारीले नागरिकको अधिकारका रुपमा रहेको सूचनाको हकबाट कसैलाई पनि बञ्चित गराउन नहुने भन्दै यो ऐनको पुर्ण कार्यान्वयनमा जोड दिनुभयो।

कार्यक्रममा संस्थाका उपाध्यक्ष कृष्णमुरारी प्रसाद भट्ट, सूचना अभियन्ता शैलेन्द्र बैश्य, रविन्द्र ज्ञवाली, ध्रुबराज शर्मा, अधिबक्ता पवन कुमार गुप्ता र चित्र बहादुर केसी, नागरिक समाजका अगुवाहरु जगदिश बहादुर सिंह, निर्मल शाह, टेकनाथ आचार्य लगायतको उपस्थिती रहेको थियो।

**सूचना मागौं, भ्रष्टाचारको अन्त्य गरौं।**

# लैङ्गिक संवेदनशिलता र भाषा बारे दुई दिने कार्यशाला



लैङ्गिक संवेदनशिलता कथा लेखन र भाषाका विषयमा दुईदिने कार्यशाला नेपालगन्जमा भएको छ । अल्पसंख्यक तथा सिमान्तकृत समुदायका सवाललाई सञ्चारमाध्यममा कसरी उठाउने भन्ने विषयमा क्षमता अभिबृद्धि गर्न कार्यशाला संचालन गरिएको हो । युएसएआईडी द एशिया फाउण्डेशनको सहयोगमा सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जद्धारा संचालित “नागरिक समाज र मिडिया” परियोजना अर्न्तगत दुईदिने कार्यशाला गरिएको थियो ।


कार्यशालामा बोल्दै लुम्विनी प्रदेश सांसद सुशिला नेपाली बादीले समाजमा अहिले पनि विभेद कामय रहेको उल्लेख गर्दै अल्पसंख्यक समुदायले आफ्ना सवाललाई उठाउन तालिम अर्थपूर्ण हुने विश्वास व्यक्त गनुभयो । उहाँले अझै पनि कुनै समुदाय यस्तो प्रकारको तालिमबाट वञ्चित भएको भए त्यसलाई पनि अवसर दिनुपर्ने उल्लेख गर्दै समाजलाई सभ्य बनाउन सबैको साझा प्रयत्न हुनुपर्ने बताउनुभयो ।

सूचना र मानव अधिकार अनुसन्धान केन्द्रका अध्यक्ष विश्वजीत तीवारीले पत्रकारिताको आयाम फराकिलो भएकाले त्यसमा काम गर्न तालिम प्रभावकारी हुने बताउनुभयो । तालिममा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण, लैङ्गिक संवेदनशिलता, रिपोर्टिङ्गमा सफलताका कथा, भाषा लगायतका विषयमा जेसी विज्ञ रिमा विसी र पत्रकार शुक्रऋषि चौलागाईले सहजीकरण गर्ने संस्थाका प्रोग्राम स्यानेजर रविन्द्रकुमार ज्ञवालीले बताउनुभयो । उहाँका अनुसार संस्थाले अवधी र थारु भाषी १५ जना पत्रकारलाई आठ महिने फेलोशिप कार्यक्रम संचालन गरेको छ

# प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबारे सूचना माग

प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत बाँकेको नरैनापुर गाउँपालिकामा व्यापक अनियमितता भएको जनगुनासो आएपछि सोको बारेमा सूचना माग गरिएको छ।

सुचनाको हक सम्बन्धी ऐन २०६४ र नेपालको संविधान २०७२ को धारा २७ अनुसार सूचना अभियन्ता बाँके नरैनापुर-१ का अरुण तिवारीले सूचना माग गर्नुभएको छ । नागरिकको थाहा पाउने अधिकार अर्न्तगत तिवारीले सो विषयमा भएको अनियमितताबारे अध्ययन तथा अनुसन्धान गर्नका लागि सूचना माग गर्नुभएको हो। प्रधानमन्त्री रोजगार कार्यक्रमको कुल बजेट, काम गर्ने मजदुरको संख्या, दर रेट, के कति काम गरेको, र कति पारिश्रमिक पाएको लगायतविषयमा सूचना माग गरिएको हो । नरैनापुर गाउँपालिकासंग माग गरिएको सूचनाको निवेदन पठाइएको छ।



# बाँकेका तीन कार्यालयसँग सूचना माग



नेपालगन्ज शहरमा इ-रिक्साको व्यवस्थापन हुन नसक्दा दुर्घटना लगायतका समस्या बढेको छ। पाइला पिच्छे भेटिने इ-रिक्सालाई नियमन गर्न नसक्दा समस्या भएको प्रत्यक्षदर्शीहरु बताउँछन । इ-रिक्सा व्यवस्थापनका लागि नेपालगन्ज उपमहानगरपालिकाले पटक पटक पहल गरेपनि अहिलेसम्म व्यवस्थापन गर्न सकेको छैन।

यसैक्रममा नेपालगन्जका अधिकारकर्मीले उपमहानगरपालिका कार्यालय र यातायात व्यवस्था कार्यालयसंग सूचना माग गरेका छन । अधिबक्ताहरु विश्वजित तिवारी, बसन्त गौतम, बलबहादुर चन्द र विकास आचार्यले उपमहानगपालिकासंग हालसम्म त्यस कार्यालयमा के कतिको संख्यामा इ रिक्सा र चालक अनुमती पत्र, दर्ता, र अनुमती प्रदान गरिएको छ ? रुट परमिटको व्यवस्था छ छैन ? ई रिक्सा दर्ता ऐन नियम, कानून, ई रिक्सा दर्ता ऐन नियम, कानून र कार्यविधी के रहेको छ ? इ-रिक्सा व्यवस्थापनका लागि के कस्तो पहल भईरहेको छ ? नेपालगन्ज नगरभित्र अव्यवस्थित रुपमा इ-रिक्सा संचालन भईरुहेको, जसका कारण यात्रु, सवारी आवागमनमा समस्या रहेकोले यसको समाधान हुन नसक्नुको कारण के हो ? र ई-रिक्सा संचालनका लागि कार्यालयले अनुमती दिने आधार के के हो ? भनेर सूचना माग गर्नुभएको छ।

सुचनाको हक सम्वन्धी ऐन २०६४ को धारा २७ अर्न्तगत थाहा पाउने अधिकार अर्न्तगत जानकारी तथा अध्ययनका लागि सूचना माग गरिएको सूचना र मानव अधिकार अनुसन्धान केन्द्रका अध्यक्ष समेत रहनुभएका विश्वजित तिवारीले बताउनुभयो।

ती चार जनाले साउन ३ गते बाल गृहमा संचालित विद्यालयको स्वीकृतिका बारेमा डुडुवा गाउँपालिकासंग पनि सूचना माग गर्नुभएको छ । सुधार गृहमा थुनामा रहेका कानूनको विवादमा परेका बालकहरुको अध्ययनका लागि बाल सुधार गृहभित्र माध्यमिक तहको विद्यालय खोल्ने अनुमतीका लागि पटक पटक प्रयास गर्दा पनि अनुमती नदिएको र सुधार गृहमा विद्यालय खोल्न सकिने भनी शिक्षा मन्त्रालयले निर्णय गरिसकेको बालसुधार गृह भक्तपुर र विराटनगरमा विद्यालय संचालन अनुमती भईसकेको अवस्थामा यहाँ विद्यालय संचालन अनुमतिको लागि के पहल भएको छ बारे सूचना माग गरिएको छ।

# तीन दिने पत्रकारिता तालिम




ग्रामिण पत्रकारिता विकासका लागि बाँकेको राप्तीसोनारी गाउँपालिकामा सञ्चालित तीनदिने आधारभुत पत्रकारिता तालिम जेठ २६ गते गरिएको छ । राप्तीसोनारी गाउँपालिकाको सहयोगमा सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जले सञ्चालन गरेको तालिममा राप्तीसोनारी गाउँपालिकाका ९ वटा वडाका २३ जना युवा तथा किशोरीहरुको सहभागिता थियो ।

तालिमको समापन गर्दै गाउँपालिकाका उपाध्यक्ष मनिषासिंह थारुले स्थानीय गाउँ समुदायका सवाललाई सञ्चार माध्यमसम्म पुऱ्याउनका लागि यो तालिमले मद्दत पुग्ने बताउनुभयो। उपाध्यक्ष थारुले पत्रकारिता क्षेत्र निकै जोखिमपुर्ण तथा सम्मानित पेशा भएकाले विशेष ध्यान दिनुपर्नेमा जोड दिदै सत्य तथ्य र निश्पक्षरुपमा रिपोर्टिङ्ग गरि पेशालाई मर्यादित बनाउन आग्रह गर्नुभयो । उहाँले गाउपालिकाले आगामी वर्षको नीति तथा कार्यक्रममै महिलाहरुका लागि उद्घोषण तथा पत्रकारिता तालिमको विशेष कार्यक्रम समाबेश गर्ने बताउनुभयो ।

गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत ओमप्रकाश देवकोटाले पत्रकारिता पेशामा जान आधारभुत तालिमले बाटो खोलेको भन्दै आफुलाई निखार बनाउन अध्ययन र लगनशिल भएर लाग्नुपर्ने बताउनुभयो । पत्रकार बन्नका लागि शुरुमा क्षमता अभिबृद्धि मुख्य पाटोको रुपमा रहेकाले पेशा शुरु गरिसके पश्चात एडभान्सस्तरको तालिमको आवश्यकता रहेको बताउनुभयो । उहाँले गाउँपालिकाले युवाहरुलाई यो तालिम दिएर यहाका विषयबस्तु तथा सवालमा सहजता हुने बताउनुभयो ।

समापन कार्यक्रममा गाउँपालिकाका ५ नं. वडा सदस्य कमला विक, नेपाल पत्रकार महासंघ लुम्विनी प्रदेश उपाध्यक्ष शुक्रऋषि चौलागाई, सहभागीका तर्फबाट प्रमिला घर्ति, र धनबहादुर थारुले बोल्नुभएको थियो ।

तालिममा पत्रकार शुक्रऋषि चौलागाई र राकेशकुमार मिश्रले सहजीकरण गर्नुभएको कार्यक्रम संयोजक जयसिंह केसीले जानकारी दिनुभयो । संयोजक केसीका अनुसार ग्रामिण क्षेत्रका सवाललाई संचारमाध्यमसम्म पुऱ्याउनका लागि तालिम सञ्चालन गरिएको हो । तालिममा सहभागीहरुलाई प्रमाणपत्र समेत वितरण गरिएको थियो ।

# जनप्रतिनिधी र कर्मचारीलाई सूचनाको हकसम्वन्धी अनुशिक्षण

बाँके कोहलपुर नगरपालिकाका जनप्रतिनिधी र कर्मचारीहरुका लागि सूचनाको हक सम्वन्धी अनुशिक्षण गरिएको छ । कोहलपुर नगरपालिकाको सहयोगमा सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जद्धारा आयोजित एकदिने अनुशिक्षणमा सूचना, सूचनाको हक, यसको प्रयोग, उपयोगिता, फाइदा र कानूनी प्रक्रिया लगायतका विषयमा जानकारी गराइएको थियो।

अनुशिक्षणमा नगरपालिकाका वडाध्यक्ष, कार्यपालिका सदस्य र विभिन्न शाखाका प्रमुखलगायत ३० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ लुम्विनी प्रदेशका उपाध्यक्ष शुक्रऋषि चौलागाई र पत्रकार राकेशकुमार मिश्रले सहजीकरण गर्नुभएको थियो।

अनुशिक्षण समापन कार्यक्रममा बोल्दै कोहलपुर नगरपालिकाका उपप्रमुख संगिता सुबेदीले सूचनाको हकको प्रयोगले सुशासन, पारदर्शितामा मद्दत पुग्ने विश्वास गर्दै यसको कार्यान्वयनमा जोड दिनुभयो । उहाँले कोहलपुर नगरपालिका सूचनामैत्री भएको दाबी गर्दै अझै सूचनाको प्रवाह प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो । सूचना अधिकार समुह कोहलपुरका संयोजक जयसिंह केसीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन नगरपपालिका प्रेस सल्लाहकार प्रियास्मृति ढकालले गर्नुभएको थियो । कार्यक्रममा सहभागिहरुले सूचनाको हकको कार्यन्वयनका सन्दर्भमा आएका समस्या तथा चुनौतीबारे छलफल गरिएको थियो।


त्यस अवसरमा स्वास्थ्य सेवाको क्षेत्रमा सुशासन प्रर्बद्धनमा योगदान गर्नुभएका नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरका स्टाफ नर्स समिक्षा रावतलाई सम्मान गरिएको थियो।

# स्वास्थ्यका लागि हाँसो

अन्तर्राष्ट्रिय हाँसो दिवस बाँकेमा हाँसेर मनाइएको छ । दिवसको अवसरमा बैशाख २४ गते त्रिभुवन चोक हाँसेको छ।

नेपालगन्ज हास्य क्लब र सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जद्धारा आयोजित कार्यक्रममा नेपालगन्जका स्थानीय तथा प्रतिष्ठत व्यक्तीहरुले दिल खुलेर पेट मिचि मिचि हसाएका हुन।

कार्यक्रममा विभिन्न चुटकिला, कहानी, टुक्का उखान सुनाएर हसाइएको थियो। हाँसो स्वास्थ्यका लागि निकै लाभदायक भएको स्वास्थ हुन हाँसो अतिआवश्यक भएका सन्देश प्रवाह गर्न सचेतना समेत प्रवाह गरिएको थियो। कार्यक्रममा संस्थाका अध्यक्ष अधिबक्ता विश्वजित तिवारी, कृष्णमुरारी प्रसाद भट्ट, हाँसो क्लबका अध्यक्ष डा. छत्रपाल अग्रवाल, पतञ्जली योग समितिका हरजित




सिंह सरदार, योग समितिका नेपालका अध्यक्ष गुरु डा. गिरीराज शर्मा, नेपालगन्ज उद्योग बाणिज्य संघका पुर्व अध्यक्ष कन्हैयालाल टण्डन, अवधी सांस्कृतिक प्रतिष्ठान नेपालका अध्यक्ष विष्णुलाल कुमाल, उर्दु साहित्यकार आदिल सरवर, नागरिक अगुवा विजयरत्न श्रेष्ठ, अधिबक्ता हंसराज गुप्ता, सामाजिक अगुवा ध्रुब बैश्य लगायतको सहभागिता रहेको थियो।

# कानूनी अधिकारको क्षेत्रमा उत्कृष्ट कार्य गरेका अध्यक्ष तिवारी सम्मानित

सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जका अध्यक्ष अधिबक्ता विश्वजित तिवारी सम्मानित हुनुभएको छ । महिला र कानून विकास मञ्चले आफ्नो २८औं वार्षिकउत्सवको अवसरमा देशभरबाट तिवारीलाई सम्मान गरेको हो।

तिवारीले नेपालगन्जमा विशेष गरि सूचनाको हक, नागरिकको अधिकार, नागरिकता लगायतका क्षेत्रमा उत्कृष्ट कार्य गरेको मुल्यांकन गरि सम्मान गरिएको हो । जेठ १६ गते काठमाण्डौमा आयोजित एक समारोहमा मञ्चका अध्यक्ष वरिष्ठ अधिबक्ता गिता आर्याल र निवर्तमान अध्यक्ष वरिष्ठ अधिबक्ता मिराकुमारी ढुङ्गानाले संयुक्त रुपमा तिवारीलाई सम्मान गर्नुभएको हो।

नागरिकता र कानूनको क्षेत्रमा सक्रिय संस्था महिला, कानून र विकास मंचले विशेष गरि अधिकारका क्षेत्रमा काम गर्दै आएको छ । तिवारीले नेपालगन्जमा आमाको नामबाट नागरिकता, जन्मदर्ता लगायतका लागि पैरवी गरि उच्च अदालतमा जनयाचिका मुद्दामार्फत सरोकारवाला निकायलाई कार्यन्वयनमा दबाबका लागि पहल गर्दै आउनुभएको छ। सूचना र मानव अधिकार अनुसन्धान केन्द्रले सूचनाको हक, सुशासन, नागरिक अधिकार र कानून र नागरिक समाजको अभियानलाई अगाडी बढाएको छ।




# नागरिकता विधयेक प्रमाणीकरणबारे राष्ट्रपति कार्यालयसँग सूचना माग

नेपालगन्ज २९ साउन। नेपाली नागरिकता विधयेक प्रमाणीकरणका सम्वन्धमा सूचना माग गरिएको छ। नेपालगन्ज निवासी अधिबक्ताद्धय विश्वजित तिवारी र बलबहादुर चन्दले साउन २९ गते राष्ट्रपतिको कार्यालयसंग सूचना माग गर्नुभएको हो।

नेपाली नागरिकता संशोधन विधयेक प्रतिनिधी सभामा र राष्ट्रिय सभाबाट पारित भईसकेको हुदा हालसम्म पनि राष्ट्रपतिबाट के कति कारणले उक्त विधयेक प्रमाणीकरण नगरिएको हो, त्यसको जानकारी र उक्त विधयेक कहिले प्रमाणीकरण हने हो र कुन मितिमा हुने हो सोको पुर्ण रुपमा जानकारी पाउँ भनेर सूचना माग गरिएको हो।

नेपालको संविधान धारा २७ अर्न्तगत सबैले थाहा पाउने अधिकार अर्न्तगत राष्ट्रपतिको कार्यालयका सूचना अधिकारीसमक्ष इमेलमार्फत सूचना माग गरिएको हो।

# बाँकेका तीन स्थानीय तहको जेसी परिक्षण

बाँकेका तीन वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) परिक्षण गरिएको छ । कोहलपुर नगरपालिका, खजुरा र जानकी गाउँपालिकाको जेसीको दृष्टिकोणले विभिन्न सूचक तथा विषयहरुमा छलफल गरि अंक मापन गरिएको छ ।

स्थानीय शासन प्रणालीको सेवा प्रवाहमा लैंगिक समानता र सामाजिक समावेशीकरणको मुलप्रवाहिकरण क्रियाकलाप अन्तर्गत उप-क्रियाकलाप स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिएको हो ।

प्रदेश सुशासन केन्द्र लुम्विनी प्रदेशको सहकार्यमा सूचना र मानव अधिकार अनुसन्धान केन्द्रले गरेको सहजीकरणमा गाउँपालिकाको हरेक शाखा अर्न्तगत लैंगिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणले एक सय बढी सूचकमा अध्ययन गरि मापन गरिएको हो । एक सय सूचकमा छलफल गरि भएको कागज प्रमाण, निर्णय प्रक्रिया, तथा दस्ताबेजका आधारमा मार्किङ्ग गरिएको छ ।

जेसीको अवधारणामा स्थानीय सरकारको काम कारवाही प्रक्रिया, कार्यक्रम, बजेट योजना तर्जुमा, समुदायको भाषा, संस्कृति, समिति निमाण प्रक्रियालगायतमा जेसीको कार्यान्वयन अवस्थाका बारेमा विस्तृत अध्ययन तथा छलफल गरिएको थियो ।

# सांसद तिवारीलाई सम्मान

## *सुशासनका लागि नागरिक खबरदारी आवश्यक*



प्रतिनिधीसभा सदस्य लक्ष्मी तिवारीलाई सम्मान गरिएको छ। सूचना र मानव अधिकार अनुसन्धान केन्द्रले प्रतिनिधी सभा सदस्य तिवारीलाई दोसल्ला र सम्मान पत्रले सम्मान गरेको हो।

संस्थाका कार्यसमिति सदस्य तथा सूचना अभियन्ताका रुपमा कार्य गर्दैआएकाले यस्तो गरिमामय पदमा निर्वाचित भएको भन्दै संस्थाले सम्मान गरेको हो । संस्थाले सूचनाको हक, सशासन, मानव अधिकार र कानुन क्षेत्रमा गरेको विभिन्न कार्यहरुको बारेमा छलफल गरिएको थियो।

सम्मान ग्रहण गर्दै प्रतिनिधीसभा सदस्य तिवारीले सेवा प्रदायक निकायहरुले प्रवाह गर्नेको गुणस्तरियता र प्रभावकारी बनाउनुपर्नेमा जोड दिदै सरकारी कार्यालयका सेवा चुस्त दुरस्त बनाउन विशेष पहल गर्ने बताउनुभयो । उहाँले मुलुकका हरेक निकायहरुमा भ्रष्टाचार मौलाएकाले त्यसको नियन्त्रणका लागि प्रभावकारी प्रणालीको व्यवस्था गर्नुपर्नेमा भन्दै यस्ता समस्यालाई नितिगत व्यवस्थामा सुधार गर्न पहल गर्ने बताउनुभयो । सांसद तिवारीले हरेक निकायमा सुशासन कायम गर्न नागरिकहरु आफै सचेत भई त्यसको खबरदारी गर्नुपर्ने बताउनुभयो।

USAID अमेरिकी जनताबाट | CIVIL SOCIETY & MEDIA STAND | The Asia Foundation | IHRC

# युएसएआइडी नागरिक समाज र सञ्चार (CSM) परियोजना

## लुम्बिनी प्रदेशका अवधी र थारु भाषी फेलो पत्रकारहरुले विभिन्न सञ्चारमाध्यममा प्रकाशित स्टोरीहरु

| क.सं. | फेलोको नाम | विषय बस्तुको शिर्षक |
|---|---|---|
| १ | शाहिदा बानो शाह | • किन हुदैन मदरसामा शिक्षक् दरबन्दी<br>• नियमित खोप लगाउन थाले-मुस्लिम समुदायका बालबालिका |
| २ | सुकराम चिडिमार | • दाइजोले निम्त्याउँदै घरेलु हिंसा<br>• बीचैमा पढाई छाड्छन्- चिडीमार बालबालिका |
| ३ | श्याम विहारी मगन्ता | • खटिक यूवाको मन छैन, कृषि पेशामा<br>• पत्थरको काम गर्न लाज मान्छन कुशबन्धिया युवा |
| ४ | उर्मिला यादव | • लक्षित बर्गको तालिमबाट महिलाको जीवनस्तर फेरिदै<br>• अझै पनि अस्पताल पुग्दैनन्, अधिकांश गर्भवती महिलाहरु |
| ५ | मोहम्मद हबीब | • सामाजिक सुरक्षा पाउदैनन, नेटुवा समुदाय<br>• सञ्चार माध्यममा मधेसी र मुश्लिम पत्रकारको पहुँच न्यून |
| ६ | अनिता चौधरी | • आर्थिक अभावले अवसर पाउदैनन् थारु तथा मधेसी महिला<br>• विद्यालयमा सेनेटरी प्याड माग्न लजाउँछन् मुसहर किशोरी |
| ७ | सनिउल्लाह धोबी | • मधेसी दलितको अवस्था झनपछि झन खस्कीदै<br>• परम्परागत कला, संस्कृति संरक्षणमा स्थानीय सरकारको भुमिका |
| ८ | राम कुमारी चौधरी | • प्रर्या पर्यटनमा थारु समुदायको अग्रसरता<br>• बडघरलाई कानूनीमान्यता दिएपछिको परिवर्तन |
| ९ | शम्भु प्रसाद थारु | • पालिकाको लक्षित बर्गका कार्यक्रममा समेटीएनन अल्प संखियाक कुशबधिया समुदाय<br>• समयमा सिकलसेल परिक्षण नहुँदा समस्या |
| १० | अन्जना चौधरी | • मात् भाषाबाट पढाई भएसंगै विद्यार्थीलाई बोल्ने सहज<br>• मधेशमा मात्रृशिशु मृत्यु बढेको बढ्यै, मधेसी समुदायमा न्यूनिकरणको प्रयास |
| ११ | सविता तेली गुप्ता | • नेटुवा बस्तीमा पुगेन, सुवास्थ बिमा<br>• अवधि भाषा सत्रक्षन् तथा सम्बर्दनको अवस्था |
| १२ | कुसुम कोरी | • बालबिबाहले कोरी समुदायमा निम्त्यएको सुवास्थ समस्या |
| १३ | दुख हरण यादव | • समयमा सिकलसेल परिक्षण नहुँदा समस्या |
| १४ | वितिसा थारु | • समयमा सिकलसेल परिक्षण नहुँदा समस्या |
| १५ | अनोज थारु | • थारु समुदाय मा लोप हुदे गोड़ना गोडैना<br>• शिक्षामा पुरुषलाइ उछिन्दै महिला |


**सूचनाका लागि** :
**प्रकाशन** : सूचना र मानव अधिकार अनुसन्धान केन्द्र (IHRC)
**सल्लाहकार** : अधिवक्ता विश्वजीत तिवारी, कृष्णमुरारी प्रसाद भट्ट
**सम्पादक** : राकेश कुमार मिश्र
**सम्पादन सहयोगी** : रविन्द्र कुमार ज्ञवाली
**व्यवस्थापन** : सुनिल चौधरी, नाजिस अन्सारी, सीमा हमाल



**कार्यालय** :
**नेपालगन्ज-१०, जिल्ला प्रशासन अगाडी.**
+977-81-530352
ihrcnpj@gmail.com
www.ihrcnepal.com